# सिरानचोक गाउँपालिकाको करार शिक्षक, कर्मचारी नियूक्ति  सम्बन्धी कार्यविधी २०७४

## सिरानचोक गाउँपालिका
## गाउँ  कार्यपालिकाको कार्यालय
## छोप्राक, गोरखा

## सिरानचोक गाउँपालिका

## करार शिक्षक, कर्मचारी नियूक्ति सम्वन्धी कार्यबिधि – २०७४

मिति २०७६।०१।१३ मा संशोधन

नेपालको संविधानको २०७२ को धारा २२६ ले दिएको अधिकार प्रयोग गरी अनूसूची ८ को क्रमसंख्या ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा ब्यवस्था भएअनुसार सामुदायिक बिद्यालयहरुमा रिक्त रहेको प्रारम्भिक बालविकास सहजकर्ता, आधारभूत तथा माद्यामिक तहको शिक्षक, लेखापाल र कार्यालय सहयोगीहरुको करार नियुक्तिका लागि कार्य गर्न सिरानचोक सिरानचोक गाउँकार्यपालिकाले करार शिक्षक, कर्मचारी नियूक्ति सम्वन्धी कार्यबिधि – २०७४ तयार गरी जारी गरिएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ :**

(क) कार्यविधिको नामः करार शिक्षक, कर्मचारी नियुक्ति सम्बन्धि कार्यबिधि २०७४ रहेको छ।

(ख) कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(२) **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "ऐन" भन्नाले सिरानचोक छगाउँलालिकाबाट जारी भएको शिक्षा ऐन २०७४ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(ग) "शिक्षा तथा मानव स्रोत विकास केन्द्र" भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको निकाय सम्झनु पर्छ ।

(घ) ग़ाउँपालिका भन्नाले सिरानचोक गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ङ) गाउँ शिक्षा अधिकारी" भन्नाले सिरानचोक गाउँकार्यापालिकाको शिक्षा कार्यालय प्रमुखको रुपमा कार्यरत पदाधिकारी सम्झनु पर्छ ।

(च) "आधारभूत विद्यालय" भन्नाले वालकक्षा देखि ८ कक्षा सम्म संचालित विद्यालयलाई सम्झनु पर्छ ।

(छ) "माध्यमिक विद्यालय " भन्नाले वालकक्षा देखि १२ कक्षा संचालित विद्यालय संरचना लाई सम्झनु पर्छ ।

(ज) " विशेषज्ञ " भन्नाले आधारभूत तह बाल कक्षा देखि ८कक्षा सम्म र माध्यमिक तह कक्षा ९देखि १२ कक्षा सम्म रिक्त पदमा करार शिक्षक नियुक्तिका लागि आधारभूत तहको लागि कम्तिमा शिक्षा शास्त्रमा स्नातक र माध्यमिक तहको लागि कम्तिमा शिक्षा शास्त्रमा स्नातकोत्तर तह उतिर्ण गरेको गाउँपालिकाबाट सूचिकृत ब्यक्तिहरु र गाउँपालिका बाट सूचिकृत नहुदा सम्म जिल्ला शिक्षा कार्यालय, गोरखाबाट सूचिकृत ब्यक्ति सम्झनु पर्छ ।

सिरानचोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घ्योपाक, गोरखा, गण्डकी प्रदेश

राजु गुरुङ
अध्यक्ष

(झ) " परीक्षा केन्द्र" भन्नाले सिरानचोक गाउँपालिकाको गाऊँ शिक्षा शाखाले तोकेको परीक्षा केन्द्र सम्झनु पर्छ ।

(ञ) " शिक्षक छनौट समिति" भन्नाले परिच्छेद २ मा व्यवस्था भए अनुसार शिक्षक छनौट समितिलाई सम्झनु पर्छ ।

(ट) "शिक्षा कार्यालय" भन्नाले सिरानचोक गाउँकार्यपालिका शिक्षा शाखालाई सम्झनु पर्छ।

(ठ) " अनुमति" भन्नाले सिरानचोक गाउँपालिकाबाट बिद्यालयलाई करार शिक्षक नियुक्तिका लागि बिज्ञापन गर्न दिइएको अनुमतिलाई सम्झनु पर्छ ।

## परिच्छेद - २
## शिक्षक छनौट समिति

३) **सामुदायिक बिद्यालयमा रिक्त दरबन्दि तथा राहत अनुदान कोटामा करार तथा अस्थायी शिक्षक नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्न देहाय बमोजिम एक शिक्षक छनौट समिति रहनेछ ।**

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजलेतोकेको सो समितिको सदस्य - अध्यक्ष

ख) गाउँ शिक्षा शाखा प्रतिनिधि - सदस्य

ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षा शास्त्रमा कम्तीमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षा शास्त्रमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको व्यक्तिहरु मध्येबाट उपलब्ध भएसम्म १ (एक) जना महिला समेतको प्रतिनिधित्व हुने गरी गाउँपालिकाबाट सूचिकृत भएको विज्ञ मध्येबाट गाउँपालिका शिक्षा समितिले मनोनित गरेको २ जना विषय विज्ञ - सदस्य

घ) प्रधानाध्यापक सदस्य - सदस्य सचिव

३ (१) प्रारम्भिक बालविकास कक्षा सहजकर्ता, लेखापाल तथा कार्यालय सहयोगी छनोट गर्दा निम्नानुसारको छनोट समिति हुनेछ ।

क) विदयालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

ख) सम्बन्धित वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - सदस्य

ग) शिक्षा शाखा प्रतिनिधि - सदस्य

घ) विज्ञ एक जना - सदस्य

सिरानचोक गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय घोपाक, गोरखा ४ गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

अ) प्रारम्भिक बालविकास कक्षा सहजकर्ताका लागि आधारभूत तहको ६–८ मा स्थायी नियुक्ति लिइ ५ वर्ष सम्म निरन्तर सेवा गरेको शिक्षकको विज्ञको सूचीमा नाम भएको व्यक्ति गाऊ शिक्षा समितिले छानि पठाएको शिक्षक ।

आ) लेखापालको लागि कम्तिमा व्यवस्थापन विषय वा अर्थशास्त्र मूल विषय लिई स्नातक गरेको गाऊ पालिकाका प्रमुख प्रशासकीय अधिकृतले मनोनित गरेको गाऊपालिका भित्रको कुनै कर्मचारी ।

ङ) प्रधानाध्यापक सदस्य - सदस्य सचिव

४) शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित बिद्यालयमा रहने छ ।

५) विद्यालयले सूचिकृत बिज्ञहरु मनोनयन गर्दा सम्बन्धित विद्यालयको शिक्षकलाई विज्ञको रुपमा मनोनयन गर्न पाइने छैन ।

६) गाउँपालिकाबाट स्वीकृत गरिएको यस कार्यविधिलाई शिक्षक छनौट समितिले पूर्णरुपमा पालना गर्नु पर्दछ ।

## परिच्छेद - ३
## परीक्षा, अन्तरवार्ता तथा सिफारिस प्रक्रिया

७) परिच्छेद २ बमोजिम शिक्षक छनौट समितिको व्यवस्था गर्ने क्रममा दफा ६ मा भएको प्रयोजनको लागि गाउँ पालिकाबाट बाट सूचिकृत विषय विशेषज्ञ हुनुपर्नेछ । शिक्षा शाखामा सबै विशेषज्ञ सुचिकृत नभएको अवस्थामा अन्य पालिकाका विशेषज्ञलाई शिक्षा समितिको सिफारिसमा विशेषज्ञको रुपमा नियुक्त गर्न सकिनेछ ।

८) शिक्षक पदपूर्तिका लागि रिक्त पदमा विज्ञापन प्रकाशन गर्नका लागि गाउँपालिकाबाट अनुमति लिनु पर्दछ ।

९) शिक्षक नियुक्ति गर्दा प्रचलित शिक्षा नियमावली अनुसार स्थायी अध्यापन अनुमति पत्र लिएको व्यक्तिहरु मध्येबाट छनौट गर्नु पर्नेछ । साथै सो का लागि सम्बन्धीत तहको नै स्थायी अध्यापन अनुमति पत्र अनिवार्य रुपमा लिएको हुनु पर्नेछ । तर माथिल्लो तहको अनुमति पत्र लिएकोले तल्लो तहको अनुमति पत्र लिइरहन पर्दैन।

१०) महिला तथा अपांग कोटा भनि उल्लेख गरिएको दरबन्दी वा शिक्षक अनुदान कोटामा महिला तथा अपांग मात्र प्रतिस्पर्धा हुने गरी विज्ञापन प्रकाशन गर्नु पर्नेछ र सो अनुसार नियुक्ति प्रकृया अगाडी बढाउनु पर्नेछ ।

११) विद्यालयमा जुनसुकै कारणबाट पद रिक्त भई शिक्षक नियुक्ति गर्नु पर्दा शिक्षा नियमावली को नियमानुसार अनिवार्य रुपमा तोकिएअनुसार योग्यता पुगेको मध्येबाट नियुक्ति गर्नु पर्नेछ । साथै आधारभत तहको प्राथमिक शिक्षक बिज्ञापन गर्दा उक्त बिद्यालयमा महिला शिक्षक नभएको खण्डमा अनिवार्य रुपमा महिला शिक्षक नै नियुक्ति गर्ने गरि बिज्ञापन गर्नु पर्नेछ ।



राजु गुरुङ
अध्यक्ष

१२) आधारभूत तथा माद्यामिक तह शिक्षकको लागि आवश्यक शैक्षिक योग्यता–

क) प्रा वि तहको लागि न्युनतम प्रमाण पत्र तह/१२ कक्षा उत्तिर्ण

ख) आधारभूत तहको कक्षा (६ देखि ८ कक्षा) लागि न्युनतम स्नातक तह उत्तिर्ण

ग) मा.बि.तहको लागि कक्षा (९ देखि १० कक्षा) न्युनतम स्नातक तह उत्तिर्ण

१३) शिक्षक छनौट गर्दा शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार अनिवार्य रुपमा लिखित तथा मौखिक परिक्षा लिइनेछ । उक्त लिखित, प्रयोगात्मक र मौखिक परिक्षाको पूर्णाङ्क क्रमशः १००, २५ र २५ हुनेछ । साथै सो परिक्षामा उत्तीर्ण हुन क्रमशः ३५, १० र ८ अङ्क प्राप्त गर्नु पर्नेछ । अन्तर्वाताको लागि बढीमा ७०% र कम्तीमा ३५% भन्दा कम अङ्क प्रदान गर्न पाईने छैन । यदि उल्लेखित अङ्क भन्दा घटी बढी गर्नु परेमा सोको स्पष्ट कारण खुलाउनु पर्नेछ ।यदि कुनै कारणवस उजूरी परेमा सम्पूर्ण कागजात झिकाउनु पर्ने हुँदा लिखित परिक्षाको उत्तर पुस्तिकाहरु कम्तीमा ३ महिनासम्म सुरक्षित राखु पर्नेछ ।

१४) आधारभुत तह ६–८ को र माध्यमिक तहको शिक्षक नियुक्तिको लागि विज्ञापन गर्दा विषयगत रिक्तताका आधारमा गर्नु पर्ने र कम दरबन्दी भएको विद्यालयमा विषयगत शिक्षक अभाव हुदा अंग्रेजी, गणित तथा विज्ञान विषयलाई प्राथमिकता दिई विज्ञानपन गर्नु पर्नेछ ।

१५) आधारभूत तहको कक्षा (६–८)र मा.वि.तहको शिक्षक नियुक्ति गर्दा छनौट समितिले विषयगत विशेषज्ञको व्यवस्था अनिवार्यरुपमा गर्नु पर्नेछ ।

१६) विद्यालयमा रिक्त कुनै पनि प्रकारको शिक्षक पदको नियुक्तिको लागि शिक्षक सेवा आयोग नियमावली २०५७ (शंसोधन सहित) अनुसार योग्यता पुगेका व्यक्ति मात्र उम्मेदवार हुन सक्नेछ । उम्मेदवारको उमेर गणना गर्दा दरखास्त दिने अन्तिम मितिलाई आधार बनाई गणना गर्नु पर्नेछ ।

१७) विज्ञापन गरिएको शिक्षक पदको लागि प्रतिस्पर्धामा भाग लिने उम्मेदवारले शिक्षा नियमावली अनुसारको कागजात निवेदन साथ पेश गर्नु पर्नेछ । प्रकाशित विज्ञापन उपर दरखास्त दिने उम्मेदवारले आफ्नो सक्कल कागजात साथमा ल्याउनु पर्नेछ र सोही समयमा कागजातको छानविन गरी उपयुक्त ठहरेमामात्र दरखास्त लिइनेछ ।पछि छानविन गर्दा नक्कली ठहरिएमा सम्बन्धित व्यक्तिका अतिरिक्त छनौट समिति समेत कारवाहीको भागीदार हुने छ।

१८) छनौट समितिले सिफारिस गरेको व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मुख्य उम्मेदवार र बैकल्पिक उम्मेदवारको समेत नामावली प्रकाशन गर्नु पर्नेछ ।

१९) करार शिक्षक नियुक्ति भई विद्यालयमा हाजिर भएको जानकारी यथाशिघ्र गाउँकार्यपालिकाको गाउँ शिक्षा कार्यालयमा पेश गर्नु पर्नेछ ।

राजु गुरुङ
अध्यक्ष

२०) शिक्षक छनौट समितिले नियुक्तिको सिफारिस गरेको उमेदवारलाई बि.ब्य.स.ले अन्तिम नामावलि प्रकासन गरेको मितिले ७ दिनभित्र ६ महिनाको लागि करार नियुक्ति दिनु पर्नेछ । ७ दिन भित्र नियुक्ति लिन नआएमा वैकल्पिक उमेदवारलाई ६ महिनाको लागि करार नियुक्ति दिनु पर्नेछ ।

२१) शिक्षक नियुक्ति सम्बन्धी सम्पूर्ण प्रकृया ३५ दिन भित्र सम्पन्न गरी सक्नु पर्नेछ । उक्त अवधिभित्र सम्पन्न हुन नसकेमा पहिला लिएको अनुमति स्वतः रद्द हुनेछ ।

२२) नियुक्ति अभिलेख जनाउनका लागि फायल पेश गर्दा शिक्षक नियुक्तिसँग सम्बन्धित कागजात र निर्णय प्रतिलिपि तथा विज्ञापन टाँस गरेको मुचुल्काको सक्कल पत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरु, नारिकताको प्रमाण पत्र, अध्यापन अनुमति पत्रको प्रतिलिपि र यस कार्यालयले शिक्षक राख्न दिएको अनुमति पत्रको प्रतिलिपिको साथै तोकिएमो बमोजिम शुल्क तिरेको रसिद/भौचर गाउँ शिक्षा कार्यालयमा पेश गर्नु पर्नेछ ।

२३) स्थानीय पत्रिकामा अनिवार्य रुपमा विज्ञापन प्रकाशित गर्नु पर्नेछ ।

२४) उपरोक्त बमोजिम आवश्यक प्रकृया पुरा नभई पेश हुन आएको उक्त फायल यस कार्यालय को अभिलेखमा जनाईने छैन ।

२५) शिक्षक सेवा आयोगको करार योग्यता सूचिमा उल्लेख भए बमोजिमका उम्मेदवारहरु मध्ये माथिल्ले योग्यता सूचिमा पर्ने उम्मेदवारले विज्ञापन हुदा निवेदन पेश गरेमा सूचि र उम्मेदवारको विवरण भिडाई नियुक्ति सम्बन्धि व्यवस्था मिलाउनु पर्नेछ ।

२६) विद्यालयले शिक्षक नियुक्ति गरि रेकर्ड जनाउन ल्याउदा प्रति शिक्षक आधारभुत तहको लागि रु.१०००।००, माध्यमिक तहको लागि रु.१५००।००, प्ररम्भिक बाल सहजकर्ता, लेखापाल लागि रु.१०००।०० र कार्यालय सहयोगीको लागी लागि रु.५००।००, गाउँ शिक्षा शाखामा बुझाउनु पर्ने छ ।

२७) शिक्षक नियुक्तिका लागि गाउँपालिकाबाट अनुमति लिई बिज्ञापन गर्दा कम्तिमा १५ दिनको समय दिनु पर्ने र बिज्ञापन सम्बन्धि सूचना गाउँपालिका , सम्बन्धित वडा कार्यालय तथा बिद्यालयमा टाँस गरि मुचुल्का खडा गरि राख्नु पर्नेछ । साथै यस्तो सूचना स्थानीय पत्रपत्रिका वा एफएममा दिनुपर्ने छ ।

२८) करार शिक्षक नियुक्ति भई विद्यालयमा हाजिर भएको जानकारी यथाशिघ्र गाउँकार्यपालिकाको गाउँ शिक्षा कार्यालयमा पेश गर्नु पर्नेछ ।

गाउँ कार्यपालिकाको कार्यालय

राजु गुरुङ
अध्यक्ष

## परिच्छेद ४

## विषय विज्ञको व्यवस्था

२९ शिक्षक नियुक्तिका लागि गाउँ शिक्षा समितिले निम्न प्रकृया पुरा गरि विषय विज्ञ सूचिकृत गर्ने छ ।

२९.१ विषय विज्ञ सूचिकृतका लागि गाउँपालिकाले १५ दिनको समयावधि दिएर तपसिल अनुसार योग्यता भएका स्थायि शिक्षककबाट निवेदन माग गरि लिखित/अन्रतवार्ता परिक्षा लिई उत्तीर्ण ब्यक्तिहरुलाई विषय विज्ञको रुपमा सूचिकृत गरिने छ ।

क. प्रारम्भिक शिक्षा कक्षाका सहजकर्ता र आधारभुत तहको कक्षा १–५ कक्षाका लागि शिक्षक छनौटका लागि विज्ञमा सूचिकृत हुनका लागि निम्न अनुसार योग्यता पुगेको हुन पर्ने छ :-

अ. आधारभूत तहको ६–८ मा स्थायी नियुक्ति लिइ ५ वर्ष सम्म निरन्तर सेवा गरेको शिक्षक

आ. शिक्षा विषयमा स्नातक तह उतिर्ण भएको वा अन्य विषयमा स्नातक गरि तालिम प्राप्त शिक्षक

इ. कम्तिमा निमावि तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको ,

ख. आधारभूत तहको ६–८ र माध्यमिक तहको शिक्षक छनौटका लागि विज्ञमा सूचिकृत हुनका लागि निम्न अनुसार योग्यता पुगेको हुन पर्ने छ :-

अ. माध्यमिक तह अन्तरर्गत कम्तिमा मावि तहमा स्थायि नियुक्ति लिइ ५ वर्ष सम्म निरन्तरसेवा गरेको विषयगत शिक्षक ,

आ. शिक्षा विषयमा स्नातकोत्तर तह उतिर्ण भएको वा अन्य विषयमा स्नातकोत्तर तह उतिर्ण गरि तालिम प्राप्त शिक्षक ,

इ. कम्तिमा मावि तहको स्थायि अध्यापन अनुमति पत्र प्राप्त गरेको ,

३०) विषय विज्ञमा हुन चाहने शिक्षकले गाउँपालिकामा आवेदन गर्दा रु.१०००।०० को आवेदन दस्तुर सहित तपसिल अनुसार कागज पत्रको प्रतिलिपि र सक्कल प्रमाण पत्र अनिवार्य रुपमा गाउकार्यपालिकाको गाउँ शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

क. नेपाली नागरिकताको प्रमाण पत्र

ख. सबै शैक्षिक योग्यताको प्रमाण पत्र

ग. स्थायि नियुक्त पत्र

घ. अध्यापन अनुमति पत्र

ङ. अनुभव सम्बन्धि प्रमाण पत्रहरु

च. बायोडाटा

राजु गुरुङ
अध्यक्ष

३१) बिद्यालयहरुले शिक्षक नियुक्ति गर्न विज्ञ छनौट गर्दा गाउँपालिकाबाट सूचिकृत मध्येबाट गर्नु पर्ने छ । गाउँपालिकाबाट बिज्ञ सूचिकृत नहुँदा सम्म जि.शि.का.गोरखाबाट सूचिकृत भएको विज्ञबाट लिन सकिने छ । विषय विज्ञमा सुचिकृतको लागि इच्छुक अन्य गाउँपालिकाको योग्यता पुगेका शिक्षकहरुले पनि आवेदन दिन सक्नेछन् ।३२) विषय विज्ञको गाउँपालिकाले सूचिकृत गरि अभिलेख राखिनेछ ।

३३) विषय विज्ञको पदावधि २ वर्षको हुनेछ ।

## परिच्छेद ५

## अस्थाई दरबन्दीको पदपुर्ति गर्ने सम्बन्धी व्यवस्था

३४. गाउँ शिक्षा समितिले गाउपालिका भित्रका सामुदायिक विद्यालयहरुमा स्थाई शिक्षकले राजीनामा दिई वा अन्य कारणबाट रिक्त हुन आएको शिक्षक दरबन्दी (राहात समेत) र प्रारम्भिक बालविकास कक्षा सहजकर्ताको निम्ति शैक्षिक बर्ष शुरु हुनु अगावै वा रिक्त भएका बिषयहरुमा लिखित तथा अन्तर्वाता परिक्षा सञ्चालन गरिनेछ ।

३४ (क) शिक्षक सेवा आयोगको परिक्षामा सामेल भई असफल भएका तथा उक्त परिक्षामा सामेल नभई सुविधा रोजेका शिक्षक अवकास भई रिक्त रहन आएको दरबन्दीमा गाउँ शिक्षा शाखाबाट शिक्षक छनौटको ब्यवस्था गरी आवश्यकता अनुसार विद्यालयमा पदस्थापना गर्ने साथै गाउँ शिक्षा शाखामा दरबन्दी पुलमा राखी आवश्यक विद्यालयमा दरबन्दी मिलान समितिको सिफारिस, शिक्षा समिति र कार्यपालिकाको निर्णय बमोजिम शिक्षक खटाउन सक्नेछ ।

३५. यस कार्यविधिको बुदा नं. ३४ बमोजिम छनौट भई सुचीकृत भई योग्यता क्रममा रहेका व्यक्तिहरुलाई क्रमाङ्क वा आवश्यक विषयगत योग्यताको आधारमा समेत नयाँ शैक्षिक सत्र शुरु भएको बर्षको जेष्ठ महिनाको १५ गते भित्र रिक्त हुन आउने पदमा करार नियुक्तीको लागी गाउँ शिक्षा शाखा बाट करार नियुक्ती गरिने छ ।

३५.१ यस कार्यविधिको वुँदा नं. ३५ बमोजिम करार नियुक्ती भएको अस्थायी शिक्षक दरबन्दीको हकमा स्थायी दरबन्दीमा छनौट भइ शिक्षक दरबन्दी मिलान भएको अवस्थामा अस्थायी शिक्षक करार नियुक्ती स्वतः बदर हुनेछ ।

३५.२ परिच्छेद नं. ५ बमोजिमको परिक्षा सञ्चालन गर्नका लागी गाउँ शिक्षा समितिको अध्यक्षको सहमतिमा देहाय बमोजिम शिक्षक छनौट समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) सम्बन्धित तह तथा विषयको लागि सम्बन्धित तह तथा विषयको विज्ञ – कम्तिमा २ जना वढीमा आवश्यकता अनुसार हुनेछ - सदस्य

ग) शिक्षा शाखा प्रमुख/प्रतिनिधि - सदस्य सचिव

सिरानचोक गाउँ कार्यपालिका घोप्राङ गण्डकी



राजु गुरुङ
अध्यक्ष

३६) यस कार्य विधि संशोधन भएको मिति देखि अस्थायी/करार शिक्षक विद्यालय कर्मचारी, वालकक्षा सहजकर्ताको परिक्षा सम्बन्धी सम्पूर्ण कार्य गाउँपालिका शिक्षा शाखा मार्फत हुनेछ।

## परिच्छेद ६

## बिबिध

३७) गाउँपालिका भित्र रिक्त हुन आएको दरबन्दीमा गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको सम्बन्धमा सरुवा भई आउने र जाने विद्यालय ब्यवस्थापन समितिको सरुवा आउने वडाको समेत सिफारिसमा गाउँपालिका भित्र र अन्तर गाउँपालिकामा समेत शिक्षकहरुलाई सरुवा गरिने छ । यसरी सरुवा प्रक्रिया अगाडी बढाउदा अनुसूची (१) बमोजिमको फाराम अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

३८) शिक्षक, कर्मचारी छनोट समितिका पदाधिकारी र बिषय बिज्ञको पारिश्रमिक निम्न अनुसार सम्बन्धित विद्यालयले व्यवस्था गर्नु पर्नेछ ।

क) कार्यालय सहयोगी छनोटका लागि रु. ५००।००

ख) प्रारम्भिक बालबिकास कक्षा सहजकर्ताका लागि रु. १०००।००

ग) लेखापालका लागि रु. २०००।००

घ) आधारभुत तह(१-५)रु २५००।- ।

ङ) आधारभूत तह(६-८) र माध्यमिक तह रु ३०००।- ।

३९) यस कार्यविधि अनुसार कार्य सम्पादन गर्न कुनै द्विविधा भएमा वा बाधा उत्पन्न भएमा गाउँपालिका र गाउँकार्यपालिका ,गाऊँ शिक्षा कार्यालयले निर्णय गरे अनुसार हुनेछ ।

४०) यस कार्यविधिमा उल्लेख नभएका बिषयका हकमा शिक्षा ऐन , शिक्षा नियमावलि , शिक्षक सेवा आयोगको नियमावलिमा ब्यवस्था भए अनुसार हुनेछ ।

४१) यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्राबधान ऐन कानुन संविधानसंग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

सिरानचोक गाउँ कार्यपालिका घोप्राङ गण्डकी

२०७३/०१/१८

राजु गुरुङ
अध्यक्ष